नेपाल सरकारबाट घोषणा भएअनुसार औद्योगिक क्षेत्र स्थापनको लागि तोकिएको चारकिल्लाभित्रका निजी जग्गाहरु मुआब्जा दिई अधिग्रहण गर्नका लागि जग्गा प्राप्ती ऐन, २०३४ को दफा १३ बमोजिम गठित समितिको बैठक आज मिति २०७६।६।५ विहान ८:०० बजे प्रमुख जिल्ला अधिकारी श्री उदय बहादुर राना मगरज्यूको अध्यक्षतामा बसी देहायबमोजिम निर्णय गरियो ।

<u>उपस्थिति:</u>

१. श्री उदय बहादुर राना मगर, प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, झापा — अध्यक्ष

२. श्री चण्डी प्रसाद कोईराला, प्रमुख मालपोत अधिकृत
मालापोत कार्यालय दमक — सदस्य

३. श्री ईन्द्र संग्रौला, प्रमुख नापी अधिकृत
नापी कार्यालय, दमक — सदस्य

४. श्री सन्जय थापा, मुख्य सम्पर्क अधिकृत
औ.क्षे.व्य.लि.जग्गा प्राप्ती सम्बन्धी सम्पर्क कार्यालय, दमक — सदस्य सचिव

<u>आमन्त्रित:</u>

५. श्री मेनुका काफ्ले, अध्यक्ष, कमल गाउँपालिका
६. श्री कृष्ण कुमार निरौला, स.प्र.जि.अ., जिल्ला प्रशासन कार्यालय, झापा
७. श्री कृष्ण प्रसाद आचार्य, प्रमुख, ईलाका प्रशासन, दमक
८. श्री सुबास श्रेष्ठ, प्र.प्रशासकीय अधिकृत, कमल गाउँपालिका
९. श्री युवराज कटेल, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, झापा
१०. श्री बोधराज न्यौपाने, प्रतिनिधी, दमक नगरपालिका
११. श्री पृथ्वीपति राई, अध्यक्ष, ७ नं.वडा, कमल गा.पा.
१२. श्री छत्रपति सुवेदी, अध्यक्ष, ५ नं.वडा, कमल गा.पा.
१३. श्री अम्बिका खनाल, स्थानिय बुद्धिजिबी
१४. श्री मदन अधिकारी, स्थानिय बुद्धिजिबी
१५. श्री बल बहादुर थापा, स्थानिय बुद्धिजिबी
१६. श्री रसि लाल राउत, कार्यालय सहायक औ.क्षे.व्य.लि. दमक
१७. श्री नविन न्यौपान, कार्यालय सहायक औ.क्षे.व्य.लि. दमक
१८ श्री ज्ञानजी पोखरेल (प्रतिनिधि [illegible])

<u>प्रस्ताव नं.(१) बिषय: दोस्रो चरणको सूचना संशोधन गर्ने</u>

१) <u>विषयको संक्षिप्त व्यहोरा:</u>

नेपाल सरकारबाट घोषणा भएअनुसार औद्योगिक क्षेत्र स्थापनको लागि तोकिएको चारकिल्लाभित्रका थप निजी जग्गाहरु मुआब्जा दिई अधिग्रहण गर्नका लागि मिति २०७६।१।९ मा प्रकाशन गरिएको दोस्रो चरणको सूचनामा उल्लेख भएका कित्ता नं.हरु र क्षेत्रफल संशोधन गर्ने ।

२) <u>प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराहरु र ऐन, नियममा भएको व्यवस्था:</u>

२.१ नेपाल सरकारको मिति २०७२।१२।१ र २०७३।३।२ को निर्णयानुसार झापा जिल्लामा देहायका चार किल्लाभित्र २१०० बिगाहा क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापना गर्ने निर्णय भएको छ ।

<u>तपसिलको चारकिल्ला:</u>

१. पूर्व: झर्का स्कूलदेखि पश्चिम सम्पूर्ण नदी उकास क्षेत्र ।

२. पश्चिम: दमक नगरपालिका वडा नं.१९ को रमा सामुदायिक सेवा तथा प्रकोप व्यवस्थापन समितिले संरक्षण गरेको दमक चक्रपथ पूर्वको माटाको बाँध, पूर्व, उत्तर दक्षिण धिमालहरुको महाराजस्थान छाडी सोको दक्षिण, दक्षिणपूर्व एवं सेतुमारी खेल मैदानको मध्यपश्चिमको उत्तरदक्षिण रतुवा नदी उकास क्षेत्र हुँदै मावा रतुवाको सम्पूर्ण नदी उकास क्षेत्र ।

३. उत्तर: पूर्वतर्फ लखनपुर गा.वि.स.को खयरबारी देखि दक्षिण सम्पूर्ण नदी उकास क्षेत्र तथा पश्चिमतर्फ दमक १८ नम्बरी कित्ता पूर्वको उत्तरदक्षिणबाट सम्पूर्ण नदी उकास क्षेत्र, लालधनरा मगरचोक मानव वस्तीदेखि पश्चिमको सम्पूर्ण नदी उकास क्षेत्र ।
४. दक्षिण: गौरादह नगरपालिका, खयरबारीदेखि उत्तर सम्पूर्ण ।

२.२ जग्गा प्राप्ती ऐन, २०३४ को दफा १३ बमोजिम गठित समितिको मिति २०७५।८।१० को बैठकको निर्णयानुसार पहिलो चरणमा साविकको नक्शा सिजुवा ९क, सिजुवा ९ग, दमक ९क, दमक ८ख, राजघाट ५ख, राजघाट ५घ, मधुमल्ला ६ज र मधुमल्ला ६त का ४११ बिगाहा २ कट्ठा ४.२५ धुर तीन वर्गमा विभाजन गरी कुल रकम रु.४३ करोड ४४ लाख १६ हजार १ सय पच्चिस मुआब्जा निर्धारण गरिएको थियो । जग्गाको वर्ग आवादी, कांसघारी र खोला कायम गरिएको र मुआब्जाको दर क्रमश: २२ लाख, ८ लाख र २ लाख प्रति विगाहा तोकिएको थियो । आवादी वर्गमा १०१ बिगाहा ८ कट्ठा ३.७५ धुर, कांसघारी वर्गमा २४८ बिगाहा १९ कट्ठा ३.५ धुर र खोला वर्गमा ६० बिगाहा १४ कट्ठा १७ धुर रहेको छ ।

२.३ नेपाल सरकारले तोकेको क्षेत्रफल पुऱ्याउन दोस्रो चरणमा कोहबरा १, दमक ८ख, दमक ९क, मधुमल्ला ६ज, दमक ८क, सिजुवा ९क, सिजुवा ९ख र सिजुवा ९ग को करिब ४३७ बिगाहा थप जग्गा प्राप्ती गर्ने समितिको मिति २०७६।१।५ को बैठकले निर्णय गरेको थियो ।

२.४ समितिको निर्णयानुसार थप जग्गा प्राप्तीको सार्वजनिक सूचना मिति २०७६।१।९ मा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको थियो ।

२.५ थप जग्गा प्राप्तीको लागि जग्गा रोक्का गरिदिन श्री मालपोत कार्यालय, दमकलाई जिल्ला प्रशासन कार्यालय, झापाको प.सं.च.नं.६८६९ मिति २०७६।१।८ को पत्रद्वारा अनुरोध गरिएको थियो ।

२.६ साविक गौरादह १ हाल गौरादह न.पा.५ का १०६ जना प्रभावित क्षेत्रका बासिन्दाहरुले आफ्नो जग्गा र सोमा बनेका घरहरु अधिग्रहणमा नपारिदिन अनुरोध गरी जग्गा प्राप्ती सम्बन्धी सम्पर्क कार्यालय, गौरादह नगरपालिका र जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएका थिए ।

२.७ जग्गा प्राप्तीको लागि प्रकाशित सूचनामा अधिग्रहणमा नपर्नुपर्ने स्थानका केहि कित्ताहरु समेत परेको, पर्नुपर्ने केहि कित्ताहरु छुट भएको देखिएकोले र परियोजनाको सफलता र स्थायित्वको लागि स्थानियहरुसमेतको सहयोग आवश्यक पर्ने भएकोले स्थानियक बुद्धिजिबी, अगुवा, राजनीतिक दलका स्थानिय नेताहरुसमेतसँग छलफल गरी अधिग्रहणमा पर्ने कित्ताहरुको फेहरिस्त संशोधन गर्नुपर्ने भएको छ ।

२.८ मिति २०७६।१।९ मा प्रकाशित दोस्रो चरणको सूचना संशोधनका लागि नापी कार्यालय, दमकबाट तयार गरिएको कोहबरा १, सिजुवा ९क, सिजुवा ९ग, दमक ८क, मधुमल्ला ६ज, दमक ९क, दमक१८ र दमक १९ नक्शा र सो नक्शाबमोजिमको कित्तारुको विवरण प्राप्त भएको छ । सोबमोजिम कुल ३५८ बिगाहा ६ कट्ठा १८.९१ धुर जग्गा दोस्रो चरणमा प्राप्ती गर्नुपर्ने हुन आउँछ ।

३. <u>प्रारम्भिक प्रतिवेदन तयार गर्ने अधिकारी/जग्गा प्राप्ती सम्बन्धी सम्पर्क कार्यालयको सिफारिस:</u>

३.१ समितिको मिति २०७६।१।५ को बैठकको निर्णयानुसार मिति २०७६।१।९ मा गोरखापत्र राष्ट्रिय दैनिकमा थप जग्गा प्राप्तीको प्रकाशित सार्वजनिक सूचनामा उल्लेख भएअनुसार श्री जिल्ला प्रशासन कार्यालय, झापाको प.सं.च.नं.६८६९ मिति २०७६।१।८ को पत्रानुसार श्री मालपोत कार्यालय, दमकले रोक्का गरिएका कित्ताहरु फुकुवाको लागि श्री मालपोत कार्यालय, दमकलाई लेखी पठाउने ।

३.२ नापी कार्यालय, दमकबाट तयार गरिएको कोहबरा १, सिजुवा ९क, सिजुवा ९क, दमक ८क, मधुमल्ला ६ज, दमक ९क, दमक१८, दमक १९ नक्शा र सो नक्शाबमोजिम दोस्रो चरणमा प्राप्ती गर्नुपर्ने कित्ताहरु रोक्काका लागि श्री मालपोत कार्यालय, दमक लेखी पठाउने

३.३ उल्लेखित जग्गाहरुको मुआब्जा यकिन गर्नु अघि जग्गाको स्थिति, न्यूनतम मूल्य, चलनचल्तीको मूल्य, जग्गाधनीको माग आदि तथ्यहरुलाई आधार लिई निर्णय गर्नु उपयक्त हुने हुनाले ३५ दिनभित्र प्रतिवेदन पेश गर्ने गरी एउटा उपसमिति गठन गर्न उपयुक्त हुने देखिन्छ ।

४. **समितिको निर्णय:**

४.१ बुँदा नं.३.१ र ३.२ मा पेश भएबमोजिम गर्ने ।

४.२ प्राप्ती गरिने जग्गाको स्थिति, न्यूनतम मूल्य, चलनचल्तीको मूल्य, जग्गाधनीको माग आदिको विषयमा स्थलगत अध्ययन, छलफल गरी मुआब्जा सिफारिस गर्न ३५ दिनभित्र प्रतिवेदन पेश गर्ने गरी देहायको उपसमिति गठन गर्ने ।

**उपसमितिको गठन**

| | |
|---|---|
| १) श्री सुबास श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत, कमल गा.पा. | संयोजक |
| २) श्री अधिकृत प्रतिनिधी, ईलाका प्रशासन कार्यालय, दमक | सदस्य |
| ३) श्री अधिकृत प्रतिनिधी, मालपोत कार्यालय, दमक | सदस्य |
| ४) श्री अधिकृत प्रतिनिधी, नापी कार्यालय कार्यालय, दमक | सदस्य |
| ५) श्री अधिकृत प्रतिनिधी, दमक नगरपालिका कार्यालय, दमक | सदस्य |
| ६) श्री १० नं.वडा अध्यक्ष, दमक न.पा. | सदस्य |
| ७) श्री ७ नं.वडा अध्यक्ष, कमल गा.पा. | सदस्य |
| ८) श्री ५ नं.वडा अध्यक्ष, गौरादह न.पा. | सदस्य |
| ९) श्री मुख्य सम्पर्क अधिकृत, जग्गा प्राप्ती सम्बन्धी सम्पर्क का. | सदस्य सचिव |

**उप समितिको कार्ययोजना (TOR)**

१) विगत ३ बर्षदेखिको न्यूनतम सरकारी मूल्यांकनको तुलनात्मक विवरण र मूल्यांकन प्रयोजनार्थ आ.व.२०७६।०७७ को न्यूनतम मूल्यांकन पेश गर्ने ।

२) जग्गाको प्रकृति र आवश्यकताअनुसार जमीनको वर्गीकरण गरी पेश गर्ने ।

३) प्रतिं कट्ठा कति रकम मुआब्जा दिंन उपयुक्त हुन्छ राय सुझाव पेश गर्ने ।

४) सर्वपक्षीय, बुद्धिजिवी, पत्रकार र सरोकारवालाहरुको सहभागितामा कार्य गर्ने ।